आज मिति २०८२ मङ्सिर १७ गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार विष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर विष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

## मिति २०८२ मङ्सिर १७ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू

**निर्णय नं. १**

यस गाउँ कार्यपालिकाबाट भएका पूर्व निर्णयहरूको कार्यान्वयनको समीक्षा गरियो। बाँकी कार्यहरू यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारीलाई निर्देशन दिने साथै गाउँपालिकाको समग्र कार्यसम्पादन र सेवाप्रवाहलाई अझ थप प्रभावकारी बनाउन जोड दिने निर्णय गरियो।

**निर्णय नं. २**

थलारा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलानका लागि आवश्यक अध्ययन गरी सुझाव सहित सिफारिस गर्न गठन भएको शिक्षक दरबन्दी मिलान सिफारिस समितिले दरबन्दी मिलानको सिफारिसमा ढिलाई गरेकोले यथाशिघ्र आवश्यक सुझाव सहित सिफारिस गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३**

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको बेरुजुको सम्बन्धमा छलफल भयो। सो प्रतिवेदनमा असुल उपर गर्नुपर्ने भए तत्काल असुल गराउने र प्रमाण पेश गर्नुपर्ने भए प्रमाण पेश गरी बेरुजु फछ्यौंटका लागि सबै पदाधिकारीहरुले आवश्यक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

जिल्ला ट्राफिक प्रहरी कार्यालयले मोटरसाइकल खरिदका लागि र उद्योग वाणिज्य संघ बझाङले सांस्कृतिक तथा पर्यटकीय महोत्सबका लागि आर्थिक सहायता माग गरेको हुँदा देहाय बमोजिम सहायता भुक्तानी दिने।

| सि न | आर्थिक सहयोग दिनुपर्ने निकाय | प्रयोजन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला ट्राफिक कार्यालय बझाङ | मोटरसाइकल खरिद | ४०,०००/- | |
| २ | उद्योग वाणिज्य संघ बझाङ | सांस्कृतिक महोत्सब | ५०,०००/- | |

**निर्णय नं. ५**

देहाय बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता शिर्षकबाट औषधी उपचारका लागि नगद आर्थिक सहयोग गर्न स्वीकृत गर्ने तथा भुक्तानी भइसकेको अनुमोदन गर्ने।

| सि न | नाम | ठेगाना | सहयोग रकम रु. | प्रयोजन |
|---|---|---|---|---|
| १ | बेलमती उपाध्याय | थलारा ७ | ५०,०००/- | औषधी उपचार |
| २ | रमेश कुमार पाध्या | थलारा ३ | २५,०००/- | औषधी उपचार |